आज मिति २०७३ जेठ १८ गते संगलबार विहान ११:०० बजे नि. कार्यकारी अधिकृत श्री गणेश नेपालीज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत  गणेश नेपाली अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**विषयहरु :-**

१. चेन डोजर र बाकोहो लोडर ल.ई. र स्पेसिफिकेसन स्वीकृत गर्ने बारे ।

**निर्णयहरु :-**

१. यस भ.न.पा. कार्यालयको आ.व. २०७२/०७३ को स्थानीय विकास शुल्क कोष अन्तर्गत २०७२ बैशाख १२, १३ र २९ गतेको विनासकारी भूकम्प पछिको भग्नावशेष व्यवस्थापन तथा सरसफाई कार्य गर्न व्याकोहो लोडर ल.ई. रु.५०,००,०००।- (पचास लाख रुपैया) र चेन डोजर ल.ई. रु.१,५०,००,०००।- (एक करोड पचास लाख रुपैया मात्र) ल.ई. तथा स्पेसिफिकेशन स्वीकृतिको लागि योजना तथा प्राविधिक शाखाबाट टिप्पणी पेश भएको हुंदा उक्त ल.ई तथा स्पेसिफिकेसन स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।